**एभरेष्ट बैंक लिमिटेडको ३२ औं बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट):**

१. **सभाको काम कारवाही:**

मिति २०८३ साल भाद्र १८ गते बसेको एभरेष्ट बैंक लिमिटेडको संचालक समितिको ४०३ औं बैठकले निर्णय गरे अनुसार ३२ औं बार्षिक साधारण सभा गर्न निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल गरी निर्णय गर्न संचालक समितिका अध्यक्ष डा. बाल गोपाल बैद्य ज्यूको सभापतित्वमा सम्पन्न भएको यस साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) देहाय बमोजिम छ :

२. **सभाको मिति, समय र स्थान:**

मिति: २०८३ साल आश्विन १४ गते बुधबार तदनुसार ३० सेप्टेम्बर, २०२६

समय: बिहान १०:०० बजे

स्थान: आम्रपाली ब्यांक्वेट, भाटभटेनी काठमाडौं ।

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

कम्पनी ऐन, २०६३ को ६७(२) बमोजिम ३२ औं बार्षिक साधारण सभा गर्नका लागि सभा हुने मिति, स्थान र छलफल गर्ने बिषय समेत खोली २०८३ साल भाद्र १९ तथा २०८३ साल भाद्र २४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभामा उपस्थिति:**

४.१ संचालक समिति / प्रमुख कार्यकारी अधिकृत:

१) डा. बाल गोपाल बैद्य - अध्यक्ष

२) श्री किरण कृष्ण श्रेष्ठ - संचालक

३) श्री नविन भक्त श्रेष्ठ - संचालक

४) श्रीमती उर्मिला श्रेष्ठ - संचालक

५) विज्ञान विक्रम सिजापती - संचालक

६) श्री सुदेश खालिङ - प्रमुख कार्यकारी अधिकृत

४.२ पर्यवेक्षक / पदाधिकारी:

१) श्री दिवस राई - प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय



EVEREST BANK LTD. Head Office Kathmandu

२) श्री शम्भु थापा - बरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार

३) श्री अषेश राजवाहक - लेखापरीक्षक

४) श्री योगेन्द्र सिंह उदावट - नायब प्रमुख कार्यकारी अधिकृत

५) श्री सिद्धार्थ राणा - नायब महाप्रबन्धक

६) श्री विष्णु प्रसाद ज्ञवाली - सहायक महाप्रबन्धक

७) श्रीमती अन्जु शर्मा - सहायक महाप्रबन्धक

८) श्री रमेश राजथला - कम्पनी सचिव

४.३ शेयरधनीहरुको उपस्थिति (स्वयं तथा प्रोक्सी वा प्रतिनिधि मार्फत) : १०५५ जना ।

**५.सभाको गणपूरक संख्या:**

| कुल शेयर संख्या | शेयरधनी संख्या | उपस्थित संख्या | स्वयं | प्रतिनिधि प्रोक्सी मार्फत | पस्थिति (शेयर) प्रतिनिधित्व | शेयरको प्रतिनिधित्व (%) |
|---|---|---|---|---|---|---|
| १३७,२१३,७५९.२४ | ६६,०३१ | १०५५ | १०४६ | ९ | ९,४१,५८,९२४ | ६८.६२% |

**६.सभाको वैधानिकता:**

कुनै पनि साधारण सभा सम्पन्न हुनु भन्दा अगावै सभामा उपस्थित शेयरधनीहरुले सो साधारण सभाको वैधानिकता यकिन गर्न पर्ने हुँदा कम्पनी सचिवले निम्न अनुसार शेयरधनीहरुलाई अवगत गराउनु भयो।

(क) कम्पनी ऐन, २०६३ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा भएका प्रावधानहरु बमोजिम रीतपूर्वकको सूचना जारी तथा प्रकाशित गरि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र नै यो साधारण सभा बोलाईएको थियो । बार्षिक साधारण सभाको सूचना २०८३ साल भाद्र १९ तथा २०८३ साल भाद्र २४ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ६९ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा गरिएका व्यवस्थाहरु बमोजिम यो साधारण सभाको लागि माथि बुँदा नं ५ मा उल्लेखित तालिका बमोजिमको उपस्थितिले आवश्यक गणपूरक संख्या समेत पुगेको र सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य भएको बैंकका कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

उपरोक्त अनुसारको जानकारी उपर शेयरधनी महानुभावहरुबाट रीतपूर्वक भएको भनी संतोष व्यक्त गरियो र यस साधारण सभा सम्बन्धी कारवाही आगाडि बढाउन अनुरोध गरियो ।



EVEREST BANK LTD. Head Office Kathmandu

**७. सभाको सभापतित्व र सभा संचालनः**

कम्पनी सचिव श्री रमेश राजथलाले बैंकका उपस्थित संचालकहरुको परिचय गराउदै बैंकको प्रबन्धपत्र/नियमावली अनुसार साधारण सभाको सभापतित्व बैंकको संचालक समिति अध्यक्ष डा. बाल गोपाल बैद्य ज्यूले गर्नु हुने व्यहोरा सभामा जानकरी गराउनु भयो ।

तत्पश्चात, सभापति ज्यूको अनुमतिले सभालाई आगाडी बढाउने क्रममा बैंकका कम्पनी सचिव श्री रमेश राजथलाले सभाको निर्धारित बिषयसूची तथा प्रस्तावहरु पढेर सुनाउनु भयो ।

**८.सभाको बिषयसूची र प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८३ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त आ.व २०८२/८३ को नाफा नोक्सान तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. मिति २०८३/०५/११ मा बसेको संचालक समितिको ४०२ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

(क) ५% का दरले बोनस शेयर जारी गर्ने - बिशेष प्रस्ताव

(ख) १0% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने

४. प्रबन्धपत्र संशोधन सम्बन्धि बिशेष प्रस्ताव पारित गर्ने,

(बैंकले प्रस्तावित बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्न )

५. आ.ब २०८३/८४ को लागि लेखापरीकक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

६. विविध

**९. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदनः**

अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत गर्ने क्रममा सभालाई जानकारी

निर्धारित विषयसूची नं. १ बमोजिम सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुत गर्ने क्रममा वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरूलाई यसअघि नै प्राप्त भइसकेको हुँदा अनावश्यक पुनरावृत्ति नगरी समयको समेत बचत गर्ने उद्देश्यले प्रतिवेदनका मुख्य विषयहरू देहायबमोजिम जानकारी गराइयो:



EVEREST BANK LTD. Head Office Kathmandu

- आ.व. २०८१/८२ बैंकका लागि राम्रो वर्ष रहेको, बैंकको नाफामा करिब ३१% वृद्धि भएको तथा सो वर्ष १४% नगद र ६% बोनस शेयर गरी कुल २०% लाभांश प्रदान गरिएको थियो। आ.व. २०८२/८३ मा करिब १०% नाफा वृद्धि हुने अपेक्षासहित बजेट तय गरिएको थियो ।
- आ.व. २०८२/८३ को प्रारम्भमा नाफा वृद्धिदर सकारात्मक रहे पनि २०८२ भाद्र २३/२४ का घटनापछि व्यावसायिक मनोबलमा आएको कमीका कारण कर्जाको माग घट्नु, ब्याजदर तथा ब्याजदर अन्तरमा कमी आउनु र निष्क्रिय कर्जा (NPA) बढ्नुका कारण नाफामा अपेक्षित वृद्धि हुन सकेन। तथापि, वर्षको अन्त्यमा निष्क्रिय कर्जा घटाउन सफल भई बैंकले अघिल्लो वर्षको तुलनामा करिब ५% नाफा वृद्धि गर्न सफल भएको छ। यसका लागि उच्च व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद व्यक्त गरियो ।
- समग्रमा बैंकको वित्तीय अवस्था सुदृढ रहेको र विभिन्न परिसूचकका आधारमा बैंक नेपालको अग्रणी बैंकमध्ये रहेको भए पनि अपेक्षाअनुसार नाफा वृद्धि हुन नसक्नु तथा NPA मा केही वृद्धि हुनुका कारण प्राथमिक पुँजीकोष (CCAR) तथा कुल पुँजीकोष (CAR) अघिल्लो वर्षको तुलनामा केही घटेको जानकारी गराइयो ।
- बैंकको लाभांश नीति अन्तर्गत बैंकको दीर्घकालीन हितलाई प्राथमिकता दिँदै नियामकीय तथा आन्तरिक सूचकहरू निर्धारित सीमाभित्र कायम राख्ने, शेयरधनीहरूलाई हरेक वर्ष सन्तोषजनक तथा उचित प्रतिफल दिने, सम्भव भएसम्म नगद लाभांशलाई प्राथमिकता दिने र बोनस शेयर वितरण गर्दा भविष्यमा प्रति शेयर आम्दानीमा प्रतिकूल असर नपर्ने नीति अवलम्बन गरिएको जानकारी गराइयो ।
- २०८३ भाद्र ११ गतेको सञ्चालक समितिको बैठकबाट लाभांश निर्धारण गरिएको र सोही समयमा आएको भोटेकोशी/त्रिशूली बाढीबाट देशका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति भएको सन्दर्भमा बैंकका शाखा, कर्मचारी तथा सम्पत्ति सुरक्षित रहेको जानकारी गराइयो । बाढीबाट प्रभावित ऋणी तथा धितो सम्पत्तिका सम्बन्धमा न्यायोचित रूपमा आवश्यक कदम चालिने बताइयो ।
- बाढीबाट जलविद्युत तथा सौर्य आयोजनाहरूमा देखिएको जोखिम, अर्थतन्त्रमा अपेक्षित सुधार नआउनु, बाह्य आर्थिक तथा भूराजनीतिक अनिश्चितता र विप्रेषणमा पर्न सक्ने सम्भावित असरलाई समेत ध्यानमा राख्दै बैंकले आगामी दिनमा पर्याप्त सावधानी अपनाई आफ्नो वित्तीय आधार थप सुदृढ बनाउने नीति लिएको जानकारी गराइयो ।
- आगामी वर्ष बैंकले गुणस्तरीय तथा सुरक्षित लगानी विस्तार, विद्यमान लगानीको गुणस्तर सुधार, डिजिटल बैंकिङमा सावधानीपूर्वक विस्तार, साना तथा मझौला उद्यम एवं उद्यमशीलतामा लगानी वृद्धि तथा दिगो र हरित क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्ने नीति लिएको कुरा अध्यक्षले सभामा राख्नु भयो ।

EVEREST BANK LTD.
Head Office
Kathmandu

- बैंकको आगामी कार्यदिशालाई जवाफदेहितापूर्ण अभिवृद्धि, सुरक्षापूर्ण प्रविधिको प्रयोग, सतर्कतापूर्ण लगानी विस्तार, शिष्टता र निष्ठापूर्ण ग्राहक सेवा तथा अर्थतन्त्रमा दरिलो योगदान का रूपमा अघि बढाइने जानकारी गराइयो ।

अन्तमा, ३२ औं वार्षिक साधारण सभामा सक्रिय सहभागिता जनाई सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै, सभा तयारी तथा सञ्चालनमा अहोरात्र खटिनुहुने बैंकका सम्पूर्ण कर्मचारी लाई समेत अध्यक्षले हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१०. **छलफलका लागि आह्वानः**

तत्पश्चात सभापति ज्यूको आज्ञा अनुसार कम्पनी सचिव श्री रमेश राजथलाले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए आफ्नो विचार मन्तव्य प्रकट गरी दिन तथा लिखित रुपमा पेश गर्न हुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाबमा छलफल गर्न आह्वान गर्नु भयो ।

३२ औं बार्षिक साधारण सभामा निम्न बमोजिमका शेयरधनीमहानुभावहरु लिखित तथा मन्तव्य बाट आफ्नो धारण, जिज्ञासा, प्रश्न तथा सल्लाह र राय सुझावहरु पेश गर्नु भएको थियो:

<u>लिखित रुपमा सल्लाह, राय सुझाव पेश गर्ने शेयरधनी महानुभावहरु</u> :श्री नरसिंह लाल चखुँ, श्री उत्तम दत्त पाण्डे, डा. रामजी प्रसाद पण्डित, श्रीमती हसना श्रेष्ठ, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री नरेश कुमार शाह, श्री रोजकुमारश्रेष्ठ, श्री डमरु बल्लब घिमिरे, श्री सुरेन्द्र चिमौरिया, श्री बैजु नाथ रौनियार, श्री इन्द्र प्रसाद लामिछाने, श्री दामोदर प्रसाद रेग्मी, श्री ब्रम्हदेव शाक्य, श्री राम गोपाल महर्जन, / श्री युगल बसेल समेत १५ जना र

<u>त्यसै गरी मन्तव्य वक्ताको रुपमा सल्लाह, राय सुझाव दिने शेयरधनी महानुभावहरु</u> : श्री जगन्नाथ आचार्य, श्री भेषराज भण्डारी, श्री व्यास कुमार शर्मा, श्री सुदीप श्रेष्ठ, श्री ध्रुव राज न्यौपाने, श्री चन्द्र नारायण श्रेष्ठ, श्री भक्ति प्रसाद उप्रेती, श्री गुणराज भट्ट, निरुपमा गुप्ता, श्री राजकाजी रञ्जित, श्री उत्तम पाठक, श्री कृष्ण प्रसाद अधिकारी, श्री उत्सव श्रेष्ठ, श्री जिवन लाल बज्राचार्य, श्री लभराज जोशी र श्री शत्रुधन श्रेष्ठ समेत जना १६ गरी जम्मा ३१ जना -

सभामा उपस्थित शेयरधनी महानुभावहरूले बैंकले विगतदेखि नै लाभांश तथा बोनस शेयर प्रदान गर्दै आएकोमा धन्यवाद व्यक्त गर्दै आ.व. २०८२/८३ का लागि १०% नगद लाभांश र ५% बोनस शेयर प्रदान गरेकोमा प्रशंसा गर्नुभयो । साथै, आगामी वर्षहरूमा नगद लाभांश र बोनस शेयरलाई करिब ५०/५०% को अनुपातमा कायम गर्न, आगामी साधारण सभा समेत प्रथम त्रैमासिकभित्रै सम्पन्न गर्न तथा भोटेकोशी बाढीबाट बैंकको व्यवसाय, ऋणी तथा धितोमा परेको प्रभावबारे स्पष्ट जानकारी गराउन सुझाव दिनुभयो।

EVEREST BANK LTD. Head Office Kathmandu

शेयरधनीहरूले आर्थिक प्रतिवेदनमा खर्च मितव्ययिता अपनाउन, अपेक्षाअनुसार कर्जा तथा व्यवसाय विस्तार हुन नसकेको विषयमा सुधार गर्न, निष्क्रिय कर्जा तथा गैर-बैंकिङ सम्पत्ति घटाउन नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम आवश्यक Asset Management व्यवस्था गर्न तथा Loan Loss Provision घटाउन प्रभावकारी Recovery लाई प्राथमिकता दिन सुझाव दिनुभयो ।

त्यसैगरी, वार्षिक आर्थिक प्रतिवेदन नेपाली भाषामा समेत प्रकाशन गर्ने, भविष्यमा बैंक मर्जरमा नजाने नीति अवलम्बन गर्ने, सातै प्रदेशका शाखाहरूको नियमित अनुगमन तथा स्थलगत निरीक्षण गरी आवश्यक सुधार गर्ने, कर्मचारीहरूको प्रशिक्षण, नेतृत्व विकास तथा क्षमता अभिवृद्धिमा जोड दिई दक्ष कर्मचारीलाई उपयुक्त जिम्मेवारी प्रदान गर्ने सुझाव दिनुभयो । प्रशिक्षणमा खर्च मात्र नभई त्यसको गुणस्तर र प्रभावकारितामा समेत ध्यान दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

समय र परिस्थितिबाट पन्छिने नभई चुनौतीहरूको सामना गर्न सक्ने सक्षम तथा सबल बैंक निर्माण गर्न, साना तथा मझौला व्यवसायमा थप ध्यान दिन, तथा अपाङ्गमैत्री CSR कार्यक्रम/खर्चलाई समेत प्राथमिकता दिन सुझाव दिनुभयो ।

अन्तमा, सभामा प्रस्तुत तथा छलफल गरिएका सम्पूर्ण एजेन्डाहरू स्वीकृत गर्न आफ्नो समर्थन रहेको जनाउँदै शेयरधनी महानुभावहरूले बैंकको समग्र प्रगति, सुदृढीकरण तथा दीर्घकालीन हितका लागि विभिन्न धारणा, सल्लाह तथा सुझावहरू व्यक्त गर्नुभयो ।

**प्रमुख कार्यकारी अधिकृतज्यूबाट प्रत्युत्तरः**

प्रमुख कार्यकारी अधिकृत ज्यूले शेयरधनी महानुभावहरुले बैंकको बार्षिक प्रतिवेदन तथा हरहिसाब उपरको छलफलमा सक्रिय रुपमा प्रभावकारी तवरबाट धैर्य धारण गरी सहभागी हुनु भएकोमा धन्यवाद दिनु भयो र शेयधनी महानुभावहरुबाट व्यक्त मन्तब्य सुझाब तथा सल्लाह, जिज्ञासा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भब भएसम्म सल्लाह तथा सुझाबहरुलाई लागू गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो ।

११. **सभाको निर्णयहरुः**

१. निर्धारित बिषय सूची नं. १ अनुसार संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन अनुमोदनका लागि पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत/पारित गरियो ।

२. निर्धारित बिषय सूची नं. २ अनुसार लेखापरीकक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८२ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त २०८२/८३ को नाफा नोक्सान हिसाव तथा सोही अवधि नगद प्रवाह बिबरण छलफल गरी पारित गर्ने प्रस्ताव पेश हुँदा सर्वसम्मतिबाट स्वीकृत/पारित गर्ने निर्णय गरियो ।

३. निर्धारित बिषय सूची नं. ३ अनुसार मिति २०८३/०५/११ मा बसेको संचालक समितिको ४०२ औं बैठकले, शेयरधनीहरुलाई हालको चुक्ता पूँजीको ५% का दरले हुने रु. ६८,६०,६८,७९६/-(



EVEREST BANK LTD. Head Office Kathmandu

अक्षरेपी अठसठ्ठी करोड साठी लाख असठ्ठी हजार सात सय छयानब्बे रुपैया मात्र) बराबरको बोनस शेयर विशेष प्रस्ताव सर्वसम्मतिले स्वीकृत/पारित भयो ।

र १०% का दरले हुने रु. १,३७,२१,३७,५९२/-(अक्षरेपी एक अर्ब सैतिस करोड एक्काइस लाख सैंतिस हजार पाँच सय बयानब्बे रुपैंया मात्र) बराबरको नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरि पारित गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत/पारित भयो ।

४. निर्धारित बिषय सूची नं. ४ अनुसार प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा देहाय बमोजिमको संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत/पारित भयो ।

**बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा संशोधन**

| हाल भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| ५(ख)<br>बैंकको तत्काल जारी पूँजी रू. १३,७२१,३७५,९२४/- (अक्षरेपी: तेह्र अर्ब बहत्तर करोड तेह्र लाख पचहत्तर हजार नौ सय चौबिस रूपैया) हुने छ ।<br><br>५(ग)<br>बैंकको तत्काल जारी चुक्ता पूँजी रू. १३,७२१,३७५,९२४/- (अक्षरेपी: तेह्र अर्ब बहत्तर करोड तेह्र लाख पचहत्तर हजार नौ सय चौबिस रूपैया) हुने छ । | ५(ख)<br>बैंकको तत्काल जारी पूँजी रू. १४,४०,७४,४४,७२०/- (अक्षरेपी: चोध अर्ब चालिस करोड चौहत्तर लाख चौवालीस हजार सात सय बीस रूपैया) हुने छ ।<br><br>५(ग)<br>बैंकको तत्काल चुक्ता पूँजी रू. १४,४०,७४,४४,७२०/- (अक्षरेपी: चोध अर्ब चालिस करोड चौहत्तर लाख चौवालीस हजार सात सय बीस रूपैया) हुने छ । |

५. निर्धारित बिषय सूची नं. ५ अनुसार आ.ब २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावका सम्बन्धमा बैंकको लेखापरीक्षण समितिले तीन जना लेखापरीक्षक क्रमसः (१) G.P. Rajbahak & Co. Chartered Accounts, J B Rajbhandary & Dibins (३) Ranjeev & Associates को नाम साधारण सभामा नियुक्ति लागि सिफारिश गरे बमोजिम उक्त फर्महरुको बैंकिंङ् अनुभव, लेखापरीक्षणको निम्ति शुल्क, कार्य कुसलता तथा फर्मका दक्ष कर्मचारी संख्या लगायतका मापदण्डहरुलाई मध्यनजर गरि बैंकको लेखापरीकक्षक नियुक्ति सम्बन्धी नीतिले तोके बमोजिम प्राप्त अंकका अधारमा G.P. Rajbahak & Co. Chartered Accountants लाई लेखापरीक्षकमा नियुक्त गर्ने र पारिश्रमिकको हकमा जम्मा रु. ३३,००,०००/- (अक्षरेपी तेत्तीस लाख रुपैयाँ ) र सो मा लाग्ने कर समेत प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट स्वीकृत/पारित भयो ।

EVEREST BANK LTD. Head Office Kathmandu

६. विविधः निर्धारित विषयसूची नं. ६ अन्तर्गत, सभाबाट स्वीकृत/पारित भएका कुनै पनि विषयसूचीका निर्णयहरूमा आवश्यकताअनुसार संशोधन तथा परिमार्जन गर्नुपर्ने भएमा सो कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभामा उपस्थित शेयरधनी महानुभावहरूको राय तथा सुझावसमेतलाई विचार गरी सर्वसम्मतिबाट स्वीकृत/पारित गरियो।

१२. **धन्यवाद ज्ञापनः**

सभापति ज्यूले अपेक्षा गरिए भन्दा धेरै संख्यामा शेयरधनी महानुभावहरु अत्याधिक जोश, जाँगर, उत्साह र उमंगका साथ साधरण सभामा भाग लिई साधरण सभामा सक्रिय रुपमा छलफलमा लग्न भई सफलता पुर्वक सुसम्पन्न गर्नु भएकोमा शेयरधनी महानुभावहरुका साथै सम्बन्धित सबैलाई धन्यवाद दिनु भयो ।

१३. **सभा विसर्जनः**

अन्तमा सभाका लागि प्रस्तुत सम्पूर्ण बिषय सूची उपर छलफल तथा निर्णय भएकोले उपस्थित शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिनु हुँदै सभापति ज्यूले अपरान्ह १:०० बजे सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ............................ | EVEREST BANK LTD. Head Office Kathmandu | ............................ |
| रमेश राजथला | | डा. बाल गोपाल बैद्य |
| कम्पनी सचिव | | अध्यक्ष |

मिति: २०८३/०६/१९